निस्दी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मित्याल, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

Email: info@ nisdimun.gov.np
nisdi2007@gmail.com
9857070210/9857079215


सू.नं.: १३४
प.सं.: २०८२/०८३

मितिः२०८३।०३।३२
ने.सं. ११४६ दिल्लाथ्व २, विहीबार

**सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्ने सम्बन्धी सूचना ।**

सामाजिक सुरक्षा ऐन २०७५ तथा सामाजिक सुरक्षा भत्ता नियमावली २०७६ को नियम ( ९ ) बमोजिम सामाजिक सुरक्षा भत्ता प्रास गरी रहेका लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षमा परिचयपत्र नवीकरण गर्नु पर्ने व्यवस्था भएकोले आर्थिक वर्ष ०८३/०८४ मा पनि सामाजिक सुरक्षा भत्ता प्रास गर्नका लागि मिति **२०८३ श्रावण १ देखि असोज मसान्त सम्म**मा देहाय अनुसारको कागजात लिई आफ्नो वडा कार्यालय वा वडा कार्यालयले तोकेको स्थानमा उपस्थित भएर अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक कागजातहरुः-

१. सामाजिक सुरक्षा भत्ताको सक्कल परिचयपत्र
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि
३. राष्ट्रिय परिचयपत्र नम्बर वा आवेदनपत्र ( नाबालक, वर्ष भन्दा माथिको नागरिक तथा आफ्नो हेरचाह आफै गर्न नसक्ने अपाङ्गता भएको नागरिकको हकमा बाहेक )
४. बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
५. एकल महिला र विधवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाणित प्रतिलिपि
६. अपाङ्गताको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि
७. एक प्रति हाल सालै खिचेको पासपोर्ट साइजको रंगीन फोटो

नोटः पालिका अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्रास गर्ने लाभग्राहीहरु (६० वर्ष माथिका एकल पुरुष, ग वर्ग अपाङ्गता तथा अभिभावक विहीन अनाथ बालबालिकाहरु) ले सोही समयमा तोकिए अनुसारको कागजात लिई नवीकरण गराउनु होला ।

२०८३।३।३२
पूर्ण बहादुर चितौरे
प्रमुख प्रशासकीय अधिकृत